# उच्च अदालत तुलसीपुर नेपालगंञ्ज इजलास

२०७३

☎ ०८१-५३१४६४


पत्र संख्याः- ०७९/०८० (लिलाम समिति) मितिः-२०८०/०१/२५

चलानी नम्बर- ४०६९

## जिन्सी मालसामान लिलाम गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०१।२५ गते)

यस अदालतको मिति २०७९।१२।१७ गते बसेको मूल्याङ्कन समितिको बैठकद्वारा लिलाम बिक्री गर्न न्यूनतम् मूल्य कायम भएका तपसिलमा उल्लेखित जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुँदा निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोल कबोल पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको शिलबन्दी बोलपत्र उपर कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल:

| क्र.सं | जिन्सी वर्गिकरण सं.नं. (PAMS) | सामानको विवरण | संख्या (गोटा) | ईकाइ (के.जी) | ईकाइ दर | जम्मा मूल्याङ्कित मूल्य |
|---|---|---|---|---|---|---|
| १. | ६११२११०००९ | सि.सि.टि.भि. क्यामेरा | ३ | १ | २० | २०।- |
| २. | ६११२२२१००१ | पानी फिल्टर | ३ | २ | ४५ | ९०।- |
| ३. | ६११२२२१००३ | ह्वाइट बोर्ड | ३ | ४५ | ५ | २२५।- |
| ४. | ६११२२२१००७ | चेक राइटर | १ | १ | २० | २०।- |
| ५. | ६११२२२२००१ | C.P.U. | १८ | ३५ | ४५ | १५७५।- |
| ६. | ६११२२२२००३ | प्रिन्टर | ९ | ४५ | २० | ९००।- |
| ७. | ६११२२२२००४ | फोटोकपी मेशिन | १ | २० | २० | ४००।- |
| ८. | ६११२२२२००६ | प्रोजेक्टर | १ | २.५ | २० | ५०।- |
| ९. | ६११२२२२००९ | मोनिटर | ५ | ४० | २० | ८००।- |
| १०. | ६११२२२२०१२ | स्क्यानर मेशिन | १ | १ | २० | २०।- |
| ११. | ६११२२२२०१४ | टाईपराइटर | २ | २० | ४५ | ९००।- |
| १२. | ६११२२२३००१ | हिटर | ६ | १५ | २० | ३००।- |
| १३. | ६११२२२३००४ | जेनेरेटर | २ | ६०० | ४५ | २४,७५०।- |
| १४. | ६११२२२३००८ | भ्याकुम क्लिनर | १ | १.५ | २० | ३०।- |
| १५. | ६११२२२३००९ | यु.पि.एस. | ३ | १५ | ४५ | ६७५।- |
| १६. | ६११२२२३०१० | ब्याट्री | ८ | २४० | ४५ | १०,८००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७. | ६११२२२३०१५ | वाल पंखा | ३ | ५ | २० | १००।- |
| १८. | ६११२२२३०२१ | स्टेपलाइजर | १० | ४० | ४५ | १,८००।- |
| १९. | ६११२२२३०२६ | कुलर | ८ | ४८ | २० | ९६०।- |
| २०. | ६११२२२३०३६ | आइरन | २ | १ | २० | २०।- |
| २१. | ६११२२२३०४१ | गिजर | १ | १ | ४५ | ४५।- |
| २२. | ६११२२२३०५५ | स्टेण्ड पंखा | १० | १५ | २० | ३,०००।- |
| २३. | ६११२२२५०२७ | मेटल डिटेक्टर | १ | १ | २० | २०।- |
| २४. | ६११२३११००३ | दराज (काठ) | ४ | ४० | ५ | २००।- |
| २५. | ६११२२११००७ | रेडियो | १ | १ | २० | २०।- |
| २६. | ६११२२२३००६ | डिप फ्रिज | १ | १५ | ४५ | ६७५।- |
| २७. | ६११२२२३०११ | एम्प्लिफाएर | १ | ३ | ४५ | १३५।- |
| २८. | ६११२२२६०४० | क्यासेट डेक | १ | १ | २० | २०।- |
| २९. | ६११२३११००६ | सोफा सेट | ५ | १५० | ५ | ७५०।- |
| ३०. | ६११२३११०११ | रिभल्विङ चियर | ६ | ३० | २० | ६००।- |
| ३१. | ६११२३११०२० | बुक सेल्फ | १ | १२ | ४५ | ५४०।- |
| ३२. | ६११२२२३०४७ | इन्डक्सन चुलो | १ | १ | २० | २०।- |

<u>शर्तहरु:</u>

१. इच्छुक बोलपत्रदाताले २०८०।०१।२५ देखि २०८०।०२।०१ गते सम्म कार्यालय समयभित्र फिर्ता नहुने रु.१०००।– नगद दाखिला गरी बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि यस अदालतको लेखा शाखामा निवेदन पेश गर्नुपर्नेछ।

२. प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८०।०२।०२ गते दिनको २:०० बजे भित्र बोलपत्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यदि उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा अड्डा खुलेको दिन दिनको २:०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ।

३. यसरी दर्ता हुन आएको बोलपत्र सोही दिन दिनको २:३० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलकबोल गरेको अंकमा १३% मु.अ.कर जोड्दा हुने अंकको १०% ले हुने रकम निम्न धरौटी खातामा जम्मा गरी शिलबन्दी बोलपत्र फाराम साथ सक्कल भौचर संलग्न गरी पेश गर्नु पर्नेछ। नगद धरौटीलाई स्वीकार गरिने छैन।

क) धरौटी खाताको विवरण र बैंकः- राष्ट्रिय बाणिज्य बैंक, धम्बोजी शाखा खाता नं. ४१३०१००१०२०३००००

ख) खाता सञ्चालन गर्ने कार्यालयः- को.ले.नि.का. बाँके, कार्यालय कोड नं. २०४९१५७०१

ग) जम्मा गर्न पठाउने कार्यालयः- उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास।

५. सबैभन्दा बढी कबोल गर्ने व्यक्ति वा संस्थाको बोलपत्र स्वीकृत गरिनेछ।

६. बोलपत्र पेश गर्ने व्यक्तिले बोलपत्र खोलिने दिन सक्कल नागरिकता प्रमाणपत्र साथमा लिई आउनु पर्नेछ तर संस्थाको हकमा दर्ता प्रमाणपत्र नविकरण गरेको र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

७. लिलाम हुने सामानहरु हेर्न चाहेमा कार्यालय समयभित्र यस अदालतमा आई जिन्सी शाखामा सम्पर्क राखी हेर्न सकिनेछ।

८. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु.५०,४६०।- (अक्षेरुपी पचास हजार चारसय साठी रुपैयाँमात्र) र मु.अ.कर १३% समेत जोड्दा हुने रकम रु.५७,०१९।८० (अक्षेरुपी सन्ताउन्न हजार उन्नाइस रुपैयाँ असी पैसा मात्र) कायम गरिएको छ। बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ।

९. आफूले लिलाम सकार गरेको मालसामानहरु बोलकबोल गरेको रकम (अंक) यस अदालतमा ७ (सात) दिनभित्र दाखिला गरी मालसामा उठाई लैजानु पर्नेछ। उक्त अवधिभित्र मालसामान उठाई नलगेमा बोलकबोलदाताले जम्मा गरेको धरौटी रकम जफत गरी लिलामको लागि पुनः सूचना प्रकाशित गरिने छ।

१०. लिलाम सकार स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहनेछ।

११. यसमा तोकिएको बाहेक अन्य कुराको हकमा प्रचलित नियम कानून वा आर्थिक ऐन नियम बमोजिम हुनेछ।

०८०।१।२५

-------------------------

(नारायण दत्त ओझा)
संयोजक

शाखा अधिकृत